बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ

मन्त्री

## शुभकामना

राष्ट्रिय विज्ञान दिवस, २०८३ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू, विज्ञान तथा प्रविधिको क्षेत्रमा क्रियाशील वैज्ञानिक, अनुसन्धानकर्ता, प्राध्यापक, शिक्षक, विद्यार्थी तथा सम्पूर्ण शुभेच्छुकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। विज्ञान, प्रविधि र नवप्रवर्तन आधुनिक समाजको आर्थिक, सामाजिक तथा मानवीय विकासको महत्त्वपूर्ण आधार हो। वैज्ञानिक सोच, अनुसन्धान, नवप्रवर्तन तथा प्रविधिको सिर्जनात्मक प्रयोगबाट शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगारी तथा सार्वजनिक सेवा प्रवाह लगायतका क्षेत्रमा विज्ञान तथा प्रविधिको अधिकतम उपयोग गर्दै नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु आजको आवश्यकता हो।

बागमती प्रदेश सरकारले विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई प्रदेशको समग्र विकाससँग जोड्दै अनुसन्धान, सिर्जनशीलता, प्रविधिको प्रयोग तथा नवप्रवर्तनात्मक सोचलाई प्रोत्साहन गर्ने उद्देश्यले विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा युवा पुस्ता, विद्यार्थी, अनुसन्धानकर्ता, प्राज्ञिक एवम् निजी क्षेत्र तथा सरोकारवाला सबैको आइडिया छनोट (Idea Pooling) गरी युवा वैज्ञानिकहरुलाई अनुसन्धान तथा नवप्रवर्तनमूलक कार्यक्रम सञ्चालन गर्नका लागि सहयोग गर्दै आइरहेको छ। शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा नवीन प्रविधिको प्रयोग, अनुसन्धानमा आधारित नीति तथा कार्यक्रम, डिजिटल सेवामार्फत नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउन सकिन्छ। यसका लागि ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनलाई समुदायको आवश्यकता तथा स्थानीय सम्भावनासँग जोड्नु अनिवार्य आवश्यकता भइसकेको छ।

यस दिवसले विद्यालय शिक्षादेखि नै वैज्ञानिक सोच, खोज र नवप्रवर्तनप्रतिको रुचि अभिवृद्धि गर्दै अनुसन्धानको संस्कृति, सिर्जनशीलताको भावना विकास गर्न र जलवायु परिवर्तन तथा प्राकृतिक विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण र दिगो विकासका लागि विज्ञान तथा प्रविधिको अधिकतम् उपयोग गर्न सबैलाई प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

मितिः- २०८३ असोज १ गते

नेपाल संवतः ११४६ जंलाथ्व षष्ठी

गिर बहादुर तामाङ

मन्त्री